श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नंः-११

माननीय न्यायाधीश श्री कृष्णराम कोइराला

माननीय न्यायाधीश श्री डिल्लीरत्न श्रेष्ठ

आदेश

र.न. ०७-०८०-८०२११

रिट नं.-०८०-WO-२९७२

निर्णय नंः-१७६

विषयः उत्प्रेषण परमादेशसमेत

काठमाण्डौं जिल्ला काठमाण्डौ म.न.पा. वडा न. ४ बस्ने हरि बहादुर के.सी १

बाँके जिल्ला नेपालगञ्ज न.पा. वडा नं. १३ ना.प्र. अनुसारको ठेगाना रहेको खुसल राम धिताल १

रिट निवेदक

विरुद्ध

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौ...१

श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर..१

श्री रिप्लायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, कमालादी, गणेशस्थान, काठमाण्डौ................१

श्री एस.ए.आर.एसोशिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, विशालनगर, काठमाण्डौ................१

विपक्षी

नेपालको संविधानको धारा १४४ र न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं यस अदालतको आदेश र तपसिल यस प्रकार छः-

तथ्य खण्ड

१. रिट निवेदनको संक्षिप्त व्यहोरा

रिट निवेदकले रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, कमलादी, काठमाण्डौले प्राथमिक शेयर निस्काशन गर्दा बुक बिल्डिङ्ग (Book Building) विधि अपनाएको, त्यस्तो शेयर निस्काशनको लागि सम्वद्ध लेखापरीक्षक, क्रेडिट रेटिङ्ग एजेन्सी, संस्थागत लगानीकर्ताका निर्णायक पदाधिकारीहरूलाई दबाव प्रभावमा पारी स्वीकृति प्राप्त गरेको, नेपाल विद्युत प्राधिकरणसँग बक्यौता विद्युत महसुल सम्बन्धमा विवाद भई सुनसरी जिल्ला अदालतमा मुद्दा चलिरहेको, कम्पनीले शेयर निस्काशन गर्दा

प्रचलित कानूनबमोजिम पूरा गर्नुगर्ने न्यूनतम शर्त तथा विवरणहरू पूरा नभई नियामक निकायले स्वीकृति प्रदान गरेको अवस्था छ। रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको प्राथमिक शेयर निस्कासन प्रक्रिया निरन्तर रहेमा नेपाली नागरिकका संविधान प्रदत्त मौलिक हक हनन हुने निश्चित छ। निस्कासन प्रक्रियाले वैधता प्राप्त गरेमा धितोपत्र सम्बन्धी ऐन, २०६३ को प्रस्तावना समेतको विपरीत हुन जान्छ। नेपाल धितोपत्र बोर्डको स्वीकृति पश्चात रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको प्राथमिक शेयर निस्कासन प्रक्रियामा रही वैदेशिक रोजगारीमा रहेका नागरिकको लागि मिति २०८१/०३/२७ गतेबाट शेयर निस्काशन हुने भएको र कानूनी रीत नपुगी शेयर निस्काशनको कार्यबाट नेपाली नागरिकको लगानीमा जोखिम उच्च रहेको अवस्था छ। एस.ए.आर.एसोशिएट्स चार्टर्ड एकाउन्टेन्ट्सले प्रमाणित गरेको आ.व. २०८०/०८१ को आश्विन मसान्तसम्मको अपरिष्कृत प्रति शेयर आम्दानी रु.०.९६ को बावजुत पनि आ.व. २०८०/०८१ को अन्तिम हिसाबको प्रति शेयर आम्दानीको अनुमान भने रु.३२.९० रहेको तथ्याङ्क दुषित मनसायबाट प्रेरित रही प्रमाणित गरेको हुँदा सो कार्यले धितोपत्र मूल्याङ्कनमा प्रभाव पारेको छ। धितोपत्र बजार सार्वजनिक बजार हो। धितोपत्र बजारमा कम्पनी ऐन, २०६३ बमोजिम स्थापित पब्लिक लिमिटेड कम्पनीहरु कारोबार हुने बजार भएको र समग्र सर्वसाधारण नेपाली जनता जसले धितोपत्र खरिद गर्न चाहन्छन् उनीहरुको प्रत्यक्ष सरोकार यस विषयमा छ। हामी निवेदकहरु धितोपत्र कारोबारमा सम्बद्ध भएकोले प्रस्तुत विषय हाम्रो सरोकारको पनि विषय हो। यस्तो अवस्थामा केवल बढी रकम असुल गर्ने मनसायवाट निस्काशन गर्न लागिएको शेयर निस्काशनको कार्य तथा सोसँग सम्बद्ध अन्य कार्यहरू र शेयर निस्काशनको लागि नियामक निकायबाट प्राप्त भएका स्वीकृति समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी शेयर निस्काशन गर्ने कार्य रोक्नु, रोक्न लगाउनु भनी विपक्षीहरूको नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाऊँ भन्ने व्यहोराको रिट निवेदक हरिबहादुर के.सीसमेतको रिट निवेदन पत्र।

२. <u>यस अदालतबाट मिति २०८१/०३/२६ मा भएको आदेश</u>

यसमा निवेदन माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण र प्रमाण भए सो सवुद प्रमाण सहित म्याद सूचना सात भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षीहरुलाई लिखित जवाफ पेश गर्नुहोला भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी रीतपूर्वक तामेल गराई लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु।

निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तु हेर्दा, दुवै पक्ष राखी छलफल गरेर मात्र निष्कर्षमा पुग्नुपर्ने देखिएकोले निवेदकलाई अन्तरिम आदेश छलफलको लागि मिति २०८१/०४/१४ को पेशी तोकी सो दिन छलफल हुने जानकारी विपक्षीहरुलाई दिनु। साथै, विपक्षी रिलायन्स स्पिनिङ्ग मिल्स लि.ले मिति २०८१/०३/२७ बाट वैदेशिक रोजगारीमा रहेका नागरिकहरुको लागि शेयर निष्कासन (आई. पी. ओ.) जारी गर्न लागेको र उक्त आई. पी. ओ. जारीको लागि पेश गर्दा Book Building विधिको दुरुपयोग भएको, आ.व. २०८०/२०८१ को एस. ए. आर. एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सले प्रमाणित गरेको अपरिष्कृत प्रतिशेयर

आम्दानीको विवरणमा अन्तराष्ट्रिय र राष्ट्रिय लेखामान सिद्दान्तको विपरीत रहेको, कम्पनीको अनुमानित प्रतिशेयर नेटवर्थ प्रक्षेपित विवरण र वास्तविकतामा सामन्जस्यता नदेखिएको समेतको आधारमा उक्त आई. पी. ओ. जारी भएको अवस्थामा सर्वसाधारण लगानीकर्ताहरुको अहित हुने भएकोले मिति २०८१/०३/२७ देखि जारी हुन लागेको धितोपत्र निस्कासन रोकी पाऊँ भनी निवेदकहरूले निवेदन दिएको र सार्वजनिक लेखा समिति, प्रतिनिधि सभाले मिति २०८१/०३/२५ मा नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुरलाई आई. पी. ओ. जारी गर्ने सम्बन्धमा जानकारी उपलब्ध गराउनका निमित्त लेखिएको पत्र समेत दिएको सन्दर्भमा सर्वसाधारण लगानीकर्ताहरुको लगानी सुरक्षाको लागि मिति २०८१/०३/२७ मा हुन लागेको धितोपत्र निस्कासन जारी नगर्नु, नगराउनु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई दिनू।

३. <u>विपक्षी रिप्लायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, कमालादीकोतर्फबाट लिखित जवाफ</u>

कुनै पनि कम्पनीको शेयरको मूल्य निर्धारणको सम्बन्धमा कानूनले धितोपत्र बोर्डलाई सक्षम र साधिकार निकायको रुपमा तोकेको छ र अदालतले कुनै पनि माध्यमबाट कुनै कम्पनीको शेयरको मूल्य यति हो वा हुनुपर्दछ भनी निरुपण गर्न सक्ने अवस्था हुँदैन। यस विषयमा अदालतले निरुपण गर्नुपर्ने कुनै कानूनी प्रश्न समावेश रहेको भनी निवेदकहरुले निवेदनमा स्पष्ट उल्लेख गरेको छैन। रिट निवेदकहरुले यो विषय सार्वजनिक हक वा सरोकारको विषय हो भनेर उल्लेख गरेको भएतापनि यस रिट निवेदनमा कुनै पनि सार्वजनिक सराकरको विषय रहेको छैन। साथै, यी निवेदकहरुसँग वैकल्पिक उपचारको बाटो रहँदारहँदै पनि निजहरुले सो उपचारका लागि कुनै कदम अघि बढाएको छैन। यस कम्पनीबाट बुक बिल्डिङ्गद्वारा निर्धारण गरिएको यस कम्पनीको शेयरको मूल्य कानूनसम्मत छ। प्रक्षेपित प्रति शेयर आम्दानी रु. ३२.९० र तेस्रो त्रैमासको प्रति शेयर आम्दानी रु. २.०८ बीचको भिन्नताको सम्बन्धमा पनि योग्य संस्थागत लगानीकर्यालाई शेयर जारी गर्दाको विवरणपत्र तथा अपरिष्कृत वित्तीय विवरण आ.व. २०८०/०८१ सम्मको अद्यावधिक गरी विधिवत रुपमा २०८०/१०/२ मा प्रकाशित गरिएको थियो। कम्पनीको आ.व. २०८०/०८१ को प्रथम त्रैमासमा प्रति शेयर आम्दानी रु. ०.९६ थियो। व्यवसायमा आउने सम्भावित सुधारको आधारमा कम्पनीले आ.व. २०८०/०८१ को अन्त्यसम्म रू. ३२.९० प्रति शेयर आम्दानी प्राप्त गर्ने अनुमान गरेको थियो तर विभिन्न कारणहरुले गर्दा त्यसो हुन सकेन। सर्वसाधारणका लागि तयार गरिएको विवरणपत्र २०८०चैत्र मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण तथा आ.व. २०८०/०८१ को परिमार्जित प्रक्षेपणको आधारमा मिति २०८०/१०/१२ मा स्वीकृत भएको हो। चैत्र २०८० सम्म प्रति शेयर आम्दानी रु. २.०८ भएकोमा, आ.व. २०८०/०८१ सम्म परिमार्जित प्रक्षेपित वित्तीय विवरण अनुसार रु. २.४३ पुग्ने अनुमान रहेको थियो। यस कम्पनीको नेपाल विद्युत प्राधिकरणसँग बक्यौता रहेको रकम सर्वसाधारणका लागि प्रकाशन गरिएको विवरणपत्रमा स्पष्ट रुपमा खुलाई विद्युत महसुलको दायित्व गणना गरी प्रति शेयर नेटवर्थ प्रस्तुत गरिएको छ। निवेदकहरुले

आफ्नो स्वामित्वमा रहेको जग्गा र भवनको मूल्यलाई पुनर्मूल्यांकन गरी नेटवर्थमा गणना गरी कम्पनीको शेयरको कट अफ मूल्य बढाएर सर्वसाधारण लगानीकर्ताहरुबाट बढी रकम असुल्ने मनसाय रहेको भनेर झुट्टा र कपोकल्पित आरोप लगाउनु भएको छ। यसबाट रिट निवेदकहरुले विवरणपत्र सही ढंगमा अध्ययन नगर्नु भएको प्रष्ट हुन्छ। कम्पनीले आ.व.२०७७/०७८ देखि नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय प्रतिवेदन पेश गरेकाले NFRS १ को अनुसूची D को D५ अनुसार उक्त जग्गा र भवनको सो आ.व. मा पुनर्मूल्यांकन गरिएको हो। मूल कुरा त के छ भने यस कम्पनीले आफ्नो प्रतिशेयर नेटवर्थमा सम्पति पुनर्मूल्यांकन जगेडालाई बाहेक गरी नै सोको विवरण विवरणपत्रको तालिकामा प्रस्तुत गरेको छ। यस आधारमा निवेदकहरुले उठाएको जिकिर आफैमा आधारहीन र बदनियतपूर्ण देखिन्छ। देशको आर्थिक स्थिति नाजुक भई रोजगारका लागी वार्षिक रूपमा लाखौंका दरले नेपाली युवा विदेशिनु परेको स्थितिमा, नेपाल भित्र नै हजारौं रोजगार सृजना गरी राष्ट्रबाट नै विभिन्न विधामा सम्मानित संस्थाको सांखमा आंच आउन दिने गरी हचुवाको भरमा विना कुनै आधार प्रमाण रिट दर्ता गराएको हुँदा विपक्षी निवेदकहरुको मागदावी बमोजिम रिट जारी हुनुपर्ने तथ्य र कानूनसँगत कुनै आधार र कारण नरहेकोले विपक्षीको रिट निवेदन दावी पूर्ण रुपमा खारेज गरी पाउँ।

४. यस अदालतबाट मिति २०८१/०४/१४ मा भएको आदेश

माग बमोजिम अन्तरिम आदेश जारी हुने नहुनेतर्फ विचार गर्दा, विपक्षी रिलायन्स स्पिनिङ मिल्सले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २५ग बमोजिम बुक विल्डिङ्ग विधिवाट निष्काशन गर्ने शेयरहरूको ४०% ले हुने शेयरहरू सोही नियम २५ग को उपनियम (३) बमोजिम योग्य संस्थागत लगानीकर्तालाई बिक्री गरिसकेको र बाँकी ६०% मध्येवाट सोही नियम ९ को उपनियम (६क) को कानूनी व्यवस्था अनुसार १०% को हकमा विदेशमा रोजगारी गर्ने नेपालीहरूको लागि विक्री गर्ने गरी मिति २०८०।१०।२३ मा धितोपत्र बोर्डमा निवेदन दिई स्वीकृति लिई प्रकृया अगाडि बढाएको भन्ने देखिएको, तदनुरुप विपक्षी कम्पनीबाट बुक विल्डिङ्गबाट शेयर बिक्री गर्ने गरी भएको कार्यका बारेमा धितोपत्र बोर्डमा उजुरी निवेदन समेत परी सो बोर्डबाट भएको पत्राचार बमोजिम विपक्षी कम्पनीले नै उक्त शेयर विक्रीको प्रक्रिया अर्को निर्णय नभएसम्म रोक्का गरिएको भनी सार्वजनिक सूचना नै प्रकाशित गरी शेयर विक्री प्रक्रिया हाल कम्पनीले नै रोक्का गरिसकेको अवस्था देखिन आएको, शेयर खरिद गर्ने, कार्य गर्दा प्रतिस्पर्धात्मक प्रकृतिको हुने भई लगानीकर्ताले इच्छाएमा मात्र शेयर खरिद गर्ने अवस्था देखिएको र त्यसरी शेयर बिक्री गर्ने क्रममा निर्धारण गरिएको मूल्यको सम्बन्धमा नियमन र नियन्त्रण गर्ने लगायतको अधिकार विपक्षी धितोपत्र बोर्डमा रहने भन्ने समेतको कानूनी व्यवस्था भएको र निवेदकले रिट निवेदनमा उठाएको विषयहरू रिट निवेदनको अन्तिम सुनुवाई हुँदा निरुपण र संवोधन हुने प्रकृतिको देखिएको हुँदा तत्काल निवेदकहरूलाई अपुरणीय क्षति नै हुने अवस्था समेत नभएको हुँदा सुविधा सन्तुलन समेतलाई दृष्टिगत गर्दा यस अदालतबाट मिति २०८१।३।२६ मा जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिईरहन परेन। कानून बमोजिम गर्नु।

५. <u>विपक्षी अर्थ मन्त्रालय, सिंहदरबारको तर्फबाट लिखित जवाफ</u>

नेपाल सरकार (कार्य विभाजन) नियमावली बमोजिम धितोपत्र सम्बन्धी विषय यस मन्त्रालयको कार्य जिम्मेवारी पर्ने भएकोले सो सम्बन्धी आवश्यक नीति तथा कानून निर्माणसँग सम्बन्धित कार्य यस मन्त्रालयबाट हुँदै आएको छ। कुनै पनि राष्ट्रको आर्थिक विकासको लागि पुँजीको आवश्यकता रहेको हुन्छ र त्यस्तो पुँजीको परिचालन गर्न बजारको विकास तथा प्रभावकारी व्यवस्थापन हुनुपर्छ। धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको पुँजीको संरक्षणका अतिरिक्त धितोपत्र निष्काशन, खरिद बिक्री तथा नियमनको कार्यलाई व्यवस्थित गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ रहेको तथा उक्त ऐन अन्तर्गत नियम, निर्देशिका तथा कार्यविधिहरू कार्यान्वयन रहेको छन्। पुँजी परिचालन तथा बजारको विकास, लगानीकर्ताको हित संरक्षण एवम् नियमन लगायतको कार्यको लागि नियामक निकायको रूपमा नेपाल धितोपत्र बोर्ड स्थापना भएको छ। बोर्डले सङ्गठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबारलाई व्यवस्थित र नियमन लगायतको कार्य गर्दै आएको हुँदा उक्त कार्यलाई थप व्यवस्थित बनाउन यस मन्त्रालयबाट बोर्डलाई नीतिगत तथा कानूनी सहयोग एवम् सहजीकरण हुँदै आएको छ। रिट निवेदकले रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले प्राथमिक शेयर निस्काशन गर्दा बुक बिल्डिङ्ग (Book Building) विधि अपनाएको र सोही बमोजिम नियामक निकायहरूले दिएका प्रतिवेदन, तथ्याङ्कीय विवरण र स्वीकृति/सहमति सम्बन्धमा भए गरेका कामकारवाही लगायतको जानकारी सह-विपक्षीहरूले सम्मानित अदालतमा पेश गर्ने लिखित जवाफ तथा कागजातबाट स्पष्ट हुने नै छ। रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले निस्काशन गर्ने शेयर, शेयर निस्काशन विधि र शेयर निस्काशन गर्दा कम्पनीले पूरा गर्नुपर्ने शर्तहरू पूरा भए नभएको विश्लेषण लगायतका कार्य नेपाल धितोपत्र बोर्ड समेतबाट हुने नै हुँदा कुनै पनि संङ्गठित संस्थाले निस्काशन गर्ने शेयरबाट नागरिकको लगानी जोखिम सिर्जना हुन सक्ने अवस्थामा यस मन्त्रालयले आफ्नो कानूनी जिम्मेवारी निर्वाह गर्दै पुँजी बजार तथा लगानी जोखिम सुरक्षण गरिने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ।

६. <u>विपक्षी नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुरको तर्फबाट लिखित जवाफ</u>

बुक बिल्डिङ्ग निर्देशिका, २०७७ को दफा १० मा संगठित संस्थाले आफ्नो सम्पूर्ण धितोपत्र दर्ता गराउन तथा बुक बिल्डिङ्ग विधिबाट निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक मार्फत् धितोपत्रको बिक्री मूल्य सीमासमेत उल्लेख भएको विवरणपत्र तयार गरी स्वीकृतिका लागि बोर्डसमक्ष निवेदन दिनुपर्ने, बोर्डमा पेश भएको निवेदन र अन्य कागजातको अध्ययन गरी उपयुक्त देखिएमा उक्त धितोपत्र दर्ता गरी बुक बिल्डिङ्ग विधिबाट निष्काशन गर्न तयार पारेको विवरणपत्र प्रकाशन गर्न बोर्डले स्वीकृति प्रदान गर्न सक्ने व्यवस्था बमोजिम आवश्यक अध्ययन गरी स्वीकृति प्रदान गरिएको हो। यसरी धितोपत्र सम्बन्धी ऐन, सो अन्तर्गतको धितोपत्र दर्ता तथा निष्काशन नियमावली तथा बुक बिल्डिङ्ग निर्देशिकाको व्यवस्थाको अधिन रहि धितोपत्रको रेटिङ्ग गर्नुपर्ने व्यवस्था बमोजिम रेटिङ्ग भई तथा प्रत्याभूतिकर्ताबाट सत्प्रतिशत शेयरको प्रत्याभुतिसमेत भई बजारले निर्धारण गरेको बिक्री मूल्य सीमा रु. ६०८।- देखि रु. ९१२। सम्ममा प्रति कित्ता रु. ९१२।- मा योग्य संस्थागत लगानीकर्ताहरुले ४० प्रतिशत शेयर

निष्काशन तथा विक्री प्रबन्ध गर्नसमेत मिति २०८०।०९।१९ मा स्विकृती प्रदान गरिएको। साथै बाँकी ६० प्रतिशत धितोपत्र (विदेशमा रोजगारी गरिरहेका नेपालीको लागि नेपालीका १० प्रतिशतसमेत) संस्थागत योग्य लगानीकर्ताले खरिद गर्दा कायम Cut off मूल्यमा १० प्रतिशत घटाई कायम हुन आएको मूल्य रु. ८२०।८० मा सर्वसाधारणलाई सार्वजनिक निष्काशन गर्न बोर्डबाट मिति २०८१।०३।१२ मा स्विकृती प्रदान गरिएको हो। यसरी सो स्विकृती दिने कार्य धितोपत्र सम्बन्धी ऐन, नियमावली तथा निर्देशिकासम्मत भएको। साथै यसरी बजारले निर्धारण गरेको शेयर मूल्यमा बोर्डबाट पूनर्मूल्यांकन हुन सक्ने व्यवस्था नरहेको परिप्रेक्ष्यमा बोर्डले उक्त मूल्यमा हेरफेर गर्न सक्ने अवस्थासमेत नदेखिएको व्यहोरा सम्मानित अदालतसमक्ष जानकारी गराउँदै विद्यमान कानूनी प्रावधान भित्र रही बुक बिल्डिङ्ग विधिबाट कायम भएको शेयर मूल्यलाई आधार मानी सार्वजनिक निष्काशनको अनुमति दिने कार्य ऐन कानून सम्मत भएको हुँदा रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ।

७. <u>विपक्षी एस.ए.आर.एसोशिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, विशालनगर, काठमाण्डौको तर्फबाट लिखित जवाफ</u>

रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले सर्वसाधारण लगानीकर्ताहरुलाई समेत शेयर जारी गरी कम्पनीको स्वामित्व विस्तार गर्ने योजना अनुरुप बुक बिल्डिङ्ग विधिवाट प्रारम्भिक शेयर निष्काशन प्रक्रिया थालनी गर्नु पूर्व आफ्नो कम्पनीको विगत देखिको आर्थिक बर्षको हिसाव किताव तथा लगानी एवं नाफाको अनुपातमा कुल आ.व. २०८०/८१ देखि २०८४।८५ सम्मको प्रक्षेपित आर्थिक विवरण (Projected Financial Statements) Nepal Financial Reporting Standards (NFRS) को आधारमा तयार परेको र विगतका आर्थिक विवरण, कम्पनीको वर्तमान अवस्था, भावी रणनितिक योजना, बैंक तथा वित्तीय संस्थावाट लिएको कर्जा तथा सो को प्रवाह तथा परिचालन, वार्षिक उत्पादन, संचिती र व्यापार, स्थानिय व्यापार तथा विदेशी निकासी, कच्चा पदार्थको प्रयोग तथा कर एवं व्याज लगायत सम्पूर्ण शिर्षकमा सुक्ष्म रुपले अध्ययन तथा जांचबुझ गरी विपक्षी रिलायन्स कम्पनीको आ.व. २०८०/८१ देखि २०८४।८५ सम्मको Projected Financial Statements यस विपक्षी फर्मद्वारा प्रमाणित गरिएको थियो। यसरी विपक्षी रिलायन्स कम्पनीको आ.व. २०८०/८१ देखि २०८४।८५ सम्मको प्रक्षेपित आर्थिक विवरण प्रमाणित गरेको विषयलाई विपक्षी रिट निवेदकले हुचवा पूर्ण तवरवाट मुद्धाको विषय वस्तु बनाई उक्त प्रमाणित गरेको विवरण अत्यन्तै असान्दर्भिक रही अन्तराष्ट्रिय तथा राष्ट्रिय लेखामान सिद्धान्त विपरित रहेको व्यहोरा उठान गरी यस विपक्षी फर्मले लेखा व्यवसायीको मर्म अनुरुषप आफ्नो जिम्मेवारी बहान गर्न गराउन परमादेश लगायतको उपयुक्त आदेश माग गरेको पाईयो। कुनै पनि आरोप लगाउँदा सो आरोप पुष्टि गर्नु पर्ने हुन्छ र सो को आधार कारण समेत पेश गर्नु पर्ने हुन्छ। क्षणिक आवेग र मुद्धा गर्नका लागि मुद्धा गर्ने परिपाटीले यस विपक्षी फर्मले विगत लामो समयदेखि आर्जन गरेको ख्यातीमा नकारात्मक असर पारी हाम्रो व्यवसायमा नै प्रतिकुल असर पुग्न सक्ने हुदाँ विपक्षीहरुले लगाएको निराधार आरोप नेपालको संविधान तथा प्रचलित ऐन कानून तथा लेखामान सम्बन्धी निती तथा मापदण्ड विपरित रहेको छ। साथै विपक्षीको निवेदनको कतिपय

शब्दावलीहरुले यस फर्मको मान मर्दनमा ठेश समेत पुगेकोले सो उपर छुट्टै निवेदन तथा उजुरी पेश गर्ने तथा अनावश्यक रुपमा मुद्धामा समावेश हुदाँ आर्थिक रुपले समेत हानी नोक्सानी भएकोले सो को उचित क्षतिपूर्ति समेत माग गर्ने हक यस विपक्षी फर्मलाई सुरक्षित रहेकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ।

आदेश खण्ड

८. उच्च अदालत नियमावली, २०७३ को नियम ८४ तथा ८५ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा प्रकाशन भई निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन तथा लिखित जवाफसहितको मिसिल संलग्न कागजात अध्ययन गरियो।

९. रिट निवेदककातर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री डा. अवतार न्यौपाने, श्री केशवप्रसाद श्रेष्ठ, श्री वासुदेव रिजाल, श्री कमलकुमार भारती र श्री रप्पिस पोखरेलले विपक्षी रिलायन्स स्पिनिङ्ग मिल्स लि.ले मिति २०८१/०३/२७ बाट वैदेशिक रोजगारीमा रहेका नागरिकहरुको लागि शेयर निष्कासन जारी गर्न लागेको, उक्त निष्काशनका लागि Book Building विधिको दुरुपयोग गरेको, आ.व. २०८०/२०८१ को एस. ए. आर. एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सले प्रमाणित गरेको अपरिष्कृत प्रतिशेयर आम्दानीको विवरण कानूनसम्मत नरहेको हुँदा उक्त आई. पी. ओ. जारी भएको अवस्थामा सर्वसाधारण लगानीकर्ताहरुको अहित हुने भएकोले मिति २०८१/०३/२७ देखि जारी हुन लागेको धितोपत्र निस्कासनका लागि प्राप्त भएको स्वीकृति उत्प्रेषणको आदेशले बदर गरी सो शेयर निष्काशन कार्य रोक्नका लागि विपक्षीहरुका नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहस जिकिर सुनियो।

१०. त्यसैगरी, विपक्षी अर्थ मन्त्रालयका तर्फबाट उपस्थित हुनुभएका उच्च सरकारी वकिल कार्यालय, पाटनका विद्वान सहायक न्यायाधिवक्ता श्री वियन तिमल्सिनाले कम्पनीको शेयर निष्काशन सम्बन्धमा विश्लेषण गर्ने लगायतका कार्य नेपाल धितोपत्र बोर्डबाट हुने र कुनै पनि संङ्गठित संस्थाले निस्काशन गर्ने शेयरबाट नागरिकको लगानी जोखिम सिर्जना हुन सक्ने अवस्थामा यस मन्त्रालयले आफ्नो कानूनी जिम्मेवारी निर्वाह गर्ने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी वहस गर्नुभयो।

११. विपक्षी रिलायन्स स्पिनिङ्ग मिल्सको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री मेघराज पोखरेल र श्री हरिशचन्द्र सुवेदी तथा विद्वान अधिवक्ताहरु श्री नारायण चौलागाईं र श्री सुदृढ कुमार जोशीले यस कम्पनीले बुक बिल्डिङ्ग मार्फत शेयर निष्काशन गरेको कार्य कानूनसम्मत रहेको र यस कम्पनीले पारदर्शी रुपमा सम्पूर्ण विवरण लगानीकर्ताहरुको लागि प्रकाशन समेत गरेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१२. विपक्षी नेपाल धितोपत्र बोर्डकातर्फबाट रहनुभएका विद्वान अधिवक्ता श्री कृष्णप्रसाद घिमिरेले यस कार्यालयबाट रिलायन्स स्पिनिङ्ग मिल्सलाई बुक बिल्डिङ्ग विधिबाट कायम भएको शेयर मूल्यलाई आधार मानी सार्वजनिक निष्काशनको अनुमति दिने कार्य कानूनसम्मत रहेको हुँदा निराधार रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

१३. विपक्षी एस.ए.आर.एसशोसोएट्सका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री राजकुमार खतिवडा र श्री विदुरप्रसाद ढुंगानाले रिलायन्स कम्पनीको आ.व. २०८०/८१ देखि २०८४।८५ सम्मको प्रक्षेपित आर्थिक विवरण कानूनसम्मत रुपमा प्रमाणित गरेको, लेखामानको बिषयमा नियमन गर्ने श्वायत्त निकाय रहेको हुँदा हचुवाको भरमा दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

१४. यसमा विपक्षी रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, कमलादी, काठमाडौले प्राथमिक शेयर निस्काशन गर्दा बुक बिल्डिङ्ग (Book Building) विधि अपनाएको, त्यस्तो शेयर निस्काशनको लागि सम्वद्ध लेखापरीक्षक, क्रेडिट रेटिङ्ग एजेन्सी, संस्थागत लगानीकर्ताका निर्णायक पदाधिकारीहरूलाई दबाव प्रभावमा पारी स्वीकृति प्राप्त गरेको, नेपाल विद्युत प्राधिकरणसँग बक्यौता विद्युत महसुल सम्बन्धमा विवाद भई सुनसरी जिल्ला अदालतमा मुद्दा चलिरहेको, कम्पनीले शेयर निस्काशन गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नुगर्ने न्यूनतम शर्त तथा विवरणहरू पूरा नभई नियामक निकायले स्वीकृति प्रदान गरेको, कम्पनीले वैदेशिक रोजगारीमा रहेका नागरिकको लागि मिति २०८१/०३/२७ गतेबाट शेयर निस्काशन हुने भएको र यसरी कानूनी रीत नपुर्‍याई भएको शेयर निस्काशनको कार्यबाट नेपाली नागरिकको लगानीमा प्रतिकूल असर पर्ने भएको हुँदा प्रस्तुत विषय सार्वजनिक सरोकारको विषयसमेत रहेकोले सो शेयर निस्काशनको कार्य तथा सोसँग सम्बद्ध अन्य कार्यहरूको लागि प्राप्त भएका स्वीकृति उत्प्रेषणको आदेशले बदर गरी शेयर निस्काशन गर्ने कार्य रोक्नु, रोक्न लगाउनु भनी विपक्षीहरुको नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाऊँ भनी निवेदन जिकिर रहेको देखिन्छ। शेयर निष्काशन सम्बन्धी नियमन र विश्लेषण गर्ने दायित्व नेपाल धितोपत्र बोर्डमा निहित रहेको हुँदा यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको विपक्षी अर्थ मन्त्रालयको लिखित जवाफ, कानूनसम्मत रुपमा बुक बिल्डिङ्गको आधारबाट शेयर निष्काशन गरेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको विपक्षी रिलायन्स स्पिनिङ्ग मिलसको लिखित जवाफ र यी कार्यालयहरुबाट भएको काम कारवाही कानूनसम्मत रहेकोले निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको विपक्षीहरु नेपाल धितोपत्र बोर्ड र एस.ए.आर. एसोसिएट्सको लिखित जवाफ यस अदालतमा पेश भएको देखिन्छ।

१५. उपर्युक्त निवेदन, लिखित जवाफ व्यहोरा र दुवै पक्षको बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा रिट निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो/ होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

१६. निर्णयतर्फ विचार गर्दा, विपक्षी लिमिटेडले प्राथमिक शेयर निस्काशन गर्दा बुक बिल्डिङ्ग (Book Building) विधि अपनाई शेयर निस्काशनको स्विकृती पाएको बिषयमा चुनौति दिई प्रस्तुत रिट निवेदन दायर भएकोमा धितो पत्र सम्बन्धी ऐन २०६३ बमोजिम जारी भएको धितोपत्र दर्ता तथा निस्काशन नियमावली २०७३ को नियम २५क मा बुक बिल्डिङ विधि मार्फत धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्न सक्ने संस्थाको योग्यता तोकेको देखिन्छ। सो बमोजिम विपक्षी रिलायन्स स्पिनिङ्ग मिलसको योग्यता नपुगेको भन्ने रिट निवेदकको दावी रहेको देखिदैन।

१७. योग्यता पुगेका संगठित संस्थाले धितोपत्रको सार्वजनिक निस्काशन गर्दा योग्य संस्थागत लगानीकर्ताबाट खरिद आशय मूल्य प्राप्त गर्नु पर्ने र सोही आधारमा धितोपत्रको बिक्री मुल्य सीमा निर्धारण गरी योग्य संस्थागत लगानी कर्तालाई ४० प्रतिशत र सर्व साधारण लगानीकर्ताको लागि ६० प्रतिशत धितोपत्र निष्कासन गर्नु पर्ने कानुनी प्राबधान रहेको देखिन्छ। यसरी संगठित संस्थाले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा धितोपत्रको निष्काशन मूल्य बजारले नै निर्धारण गर्न तथा मूल्य निर्धारण प्रकृयालाई पारदर्शी र प्रतिस्पर्धी बनाउने प्रयोजनका लागि बुक बुक बिल्डिङ्ग निर्देशिका, २०७७ समेत जारी भएको पाइन्छ। सो बमोजिम विपक्षी नेपाल धितोपत्र बोर्डको मिति २०८०।०९।१९ को स्विकृतिमा विपक्षी रिलायन्स मिल्स लिमिटेडबाट *बुक बिल्डिङ्ग विधिद्वारा निष्काशन भएको धितोपत्रको मूल्य* बोल कबोलको आधारमा प्रति प्रतिशेयर मूल्य रू ९१२।– निर्धारण भई संस्थागत लगानीकर्ताले ४० प्रतिशत शेयर सकार गरी सकेको तथ्यमा विवाद देखिएन। उक्त शेयर सकार गर्ने संस्थागत लगानीकर्ता प्रस्तुत रिट निवेदनमा पक्ष वा विपक्षी कायम नभएका र सरोकार पक्षका रुपमा समेत अदालतमा उपस्थित भएको पाइदैन।

१८. उक्त निर्देशिकाको दफा १४ मा सर्वसाधारणलाई धितोपत्र जारी गर्दा संस्थागत लगानी सस्थागत लगानी कर्ताहरूले बोलकबोल गरी पूर्ण रुपमा शेयर बिक्री हुँदा कायम मूल्यको आधारमा निर्धारण भएको कटअफ मूल्यमा १० प्रतिशत छुट दिई निस्काशन गर्नु पर्ने प्राबधान गरेको पाइन्छ। सोही बमोजिम प्रतिशेयर मूल्य रू ८२०।८० कायम गरी सर्वसाधारण लगानीकर्ताका लागि निस्काशन हुने ६० प्रतिशत अर्थात ११,५५,९६० कित्ता शेयरको प्रथम चरणमा १० प्रतिशत अर्थात १,१५,५९६ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुसमेतका लागि मिति २०८१।३।२७ देखि सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला गरिने गरी विवरण पत्रसमेत जारी भएको देखिन्छ।

१९. सोही बिषयमा शेयर निष्कासन गर्ने विपक्षी **रिलायन्स मिल्सको नेपाल विद्युत प्राधिकरणसँग बक्यौता विद्युत महसुल सम्बन्धमा विवाद भई सुनसरी जिल्ला अदालतमा मुद्दा चलिरहेको, आ.व. २०८०/०८१ को आश्विन मसान्तसम्मको अपरिष्कृत प्रति शेयर आम्दानी रु. ०।९६ को बावजुत पनि आ.व. २०८०/०८१ को अन्तिम हिसाबको प्रति शेयर आम्दानीको अनुमान भने रु. ३२।९० रहेको तथ्याङ्क उल्लेख गरी शेयर मूल्य कायम गरिएको र सर्वसाधारणका लागि जारी विवरण पत्रमा सोही आ.ब. मा प्रतिशेयर आम्दानी रु २।४३ उल्लेख भई** वैदेशिक रोजगारीमा रहेका लगायतका सर्वसाधारण नेपाली नागरिकको लगानीमा जोखिम उच्च रहेको अवस्था छ भन्ने समेको सार्वजनिक सरोकारको बिषय प्रस्तुत रिट निवेदनमा उठान भएको देखिएको छ। साथै यसैबीच धितोपत्र बोर्डको मिति २०८१।०३।२६ गतेको पत्रबाट बिपक्षी रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले उक्त मिति २०८१।०३।२७ देखि निष्काशन तथा बिक्री गर्न लागिएको कार्य बोर्डको आदेशानुसार अर्को निर्णय नहुँदासम्मको लागि रोक्का राखिएको भनी सूचना प्रकाशित

भएकोसमेत देखिन्छ। यसरी सर्वसाधारणका लागि जारी हुने ६० प्रतिशत शेयरका लागि संशोधित विवरण पत्र जारी हुने कार्य बाँकी नै रहेको देखिन्छ।

२०. सिद्धान्ततः बुक बिल्डिङ विधि मार्फत धितोपत्रको मूल्य स्वतन्त्र बजारको अवधारणा अन्तरगत बजार स्वयंबाट स्वतन्त्र रुपमा निर्धारण हुने हुन्छ। अर्थात यसरी निर्धारण हुने धितोपत्रको मूल्य निर्धारणमा कुनै पनि निकाय वा पदाधिकारीको हस्तक्षेपलाई स्वीकार गरिदैन। अदालतसमेतबाट त्यस्तो मूल्य निर्धारण गर्न नमिल्ने तथ्यमा द्विविधा हुनु पर्ने देखिदैन। तथापी यसरी धितोपत्र निष्काशन गर्ने संगठित संस्था र सम्बन्धित नियमन निकाय दायित्व विहिन अबस्थामा रहन सक्ने भने देखिदैन। सर्व प्रथम धितोपत्र सार्वजनिक गर्ने संगठित संस्थाको गहन सार्वजनिक दायित्व हुने भएकोले सो संस्थाले सार्वजनिक जवाफदेहिता ग्रहण गर्नु पर्ने हुन्छ। अर्थात सो संस्थाको क्रियाकलापका बारेमा सार्वजनिक रुपमा उठेको र उठन सक्ने हरेक प्रश्नको पारदर्शी तबरबाट निराकरण गर्नु त्यस्तो संस्थाको कर्तब्य मात्र नभई कर्पोरेट सुशासनको दृष्टिबाट स्वयमं संस्थासमेतको हितमा हुनेमा द्विविधा देखिदैन।

२१. धितोपत्र दर्ता तथा निष्काशन नियमवाली, २०७३ को अनुसूची ५ र बुक बिल्डिङ्ग निर्देशिका, २०७७ को दफा ६ मा बुक बिल्डिङ बिधि अनुसार धितोपत्र निस्काशन गर्नका लागि संगठित संस्थाले सार्वजनिक गर्नु पर्ने विवरण पत्रको विस्तृत ढाँचा निर्धारण गरेको देखिन्छ। सो विवरण पत्र र सोसंग संबन्धित अन्य विवरण तथा जानकारीहरूको शुद्धता तथा सत्यता प्रति विवरणपत्रमा हस्ताक्षर गर्ने संचालकहरूले व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्ने र धितो पत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा जानकारी भएको भन्ने ब्यहोराको उद्‌घोषसमेत गर्नु पर्ने हुन्छ। यसरी जारी हुने विवरण औपचारिकताका लागि मात्र नभएर सोको औचित्य ब्याबहारिक रुपले पुष्टि हुनु पर्ने तथ्यमासमेत विवाद देखिदैन। खुल्ला बजार अन्तरगत पर्ने धितो पत्र बजारमा मुनाफाका लागि गरिने लगानीमा जोखिम समेत रहको हुन्छ नै। यद्यपी खुल्ला बजारको नाममा एउटै संगठित संस्था (कम्पनी)मा लगानी गर्ने केही लगानीकर्ताहरू उच्चतम नाफामा रहने र सोही कम्पनीमा लगानी गरेका अन्य लगानीकर्ताले जोखिममात्र सहनु पर्ने परिस्थिति कसैका लागि स्विकार्य हुन सक्दैन। अझै हाम्रो जस्तो परिपक्व भई नसकेको धितोपत्र बजारमा यस्तो परिस्थितिको निर्माण योजनाबद्ध ढंगबाट हुन सक्ने हुँदा सोही कारणबाट सर्व साधारण लगानीकर्ता जोखिममा पर्न सक्ने परिस्थिति तथा शंकाको वातावरण निराकरण हुनु निसन्देह बैध अपेक्षाको विषय हुन्छ।

२२. धितोपत्र बजारको नियमनकारी विपक्षी धितोपत्र बोर्डको लिखित जवाफमा उल्लेख भए बमोजिम बुक बिल्डिङ्ग प्रणालीद्वारा संस्थागत योग्य लगानीकर्ताले खरिद गर्दा निर्धारण हुने Cut off मूल्यमा १० प्रतिशत घटाई कायम हुन आएको मूल्यमा सर्वसाधारणलाई सार्वजनिक निष्काशन हुने साथै यसरी बजारले निर्धारण गरेको शेयर मूल्यमा बोर्डबाट पूनर्मूल्यांकन हुन सक्ने व्यवस्था नरहेको भन्ने कथन सामान्य अबस्थामा नियम संगत नै देखिन्छ। तथापी संस्थागत लगानीकर्ताका लागि जारी भएको विवरण पत्र र सर्व साधारणका लागि जारी गरिने संशोधित विवरण पत्रकावीच

सारभुत रुपमा फरक परेको अबस्थामा नियमनकारी निकाय नेपाल धितोपत्र बोर्डको भूमिका सकृय एवं सार्वजनिक रुपमा जवाफदेही हुनु जरुरी हुन्छ।

२३. उल्लेखित अबस्थालाई संवोधन गर्दै बुक बिल्डिङ्ग निर्देशिका, २०७३ ले सर्वसाधारणलाई धितोपत्र जारी गर्ने सम्बन्धमा बिशेष ब्यबस्था गरेको पाईन्छ। सर्व साधारणका लागि सार्वजनिक निष्काशन लागि पेश गरिने संशोधित विवरण पत्रमा सो धितोपत्र जारी गर्ने संगठित संस्थाको प्राविधिक, वित्तिय र ब्यबस्थापन पक्षमा कुनै परिवर्तन भएको अबस्थामा सो विषय वा तथ्यहरुको प्रस्तुतिबाट बोर्ड सम्तुष्ट भएमा मात्र त्यस्तो विवरण प्रकाशन गर्न स्वीकृति प्रदान हुने भन्ने उल्लेखित निर्देशिकाको दफा १४(३) मा उल्लेख भएको देखिन्छ। यसरी धितोपत्र बजारको नियमनको सार्वनजिक जवाफदेहिता रहेको बोर्डको सन्तुष्टीको बिषय आत्मगत नभई बस्तुगत हुने तथ्यमा विवाद देखिदैन। अर्थात सो विषयमा भएको परिवर्तनबाट बोर्ड सन्तुष्ट हुने आधार र कारण साथै सो अबस्थाबाट सर्वसाधारण लगानीकर्तालाई पर्न सक्ने जोखिमका बारेमा सार्वजनिक रुपमा संवोधन गर्नु पर्ने विषयमा विपक्षी धितोपत्र बोर्डको दायित्व रहने नै देखिन्छ। सो प्रयोजनका लागि विपक्षी बोर्डका अध्यक्षलाई सोही निर्देशिकाको दफा १९ ले बाधा अड्काउ फुकाउन सक्ने अधिकार र कर्तव्य रहेको कुरा स्मरण गराउन बाञ्छनीय देखिएको छ। साथै कसैले सो निर्देशिकाको बिधि, प्रक्रिया पूरा नगरेमा वा पूर्ण पालना नगरेमा धितोपत्र ऐन २०६३ बमोजिम विपक्षी धितोपत्र बोर्डले कार्वाही गर्न सक्ने अधिकारसमेत निहित रहेको देखिन्छ। अतः धितोपत्र निस्कासन गर्ने संगठित संस्थाको पारदर्शिता कायम गराई लगानीकर्ताको हित प्रवर्द्धन साथै धितो बजार प्रतिको विश्वास कायम गर्ने गराउने कार्यमा विपक्षी नेपाल धितोपत्र बोर्डको अहम जिम्मेवारी रहेकोले सो जिम्मेवारी ब्यबहारिक रुपमा पुष्टी हुन टडकारो देखिन्छ।

२४. सोही परिप्रेक्ष्यमा विपक्षी रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले निस्काशन गर्ने शेयर, शेयर निस्काशन विधि र शेयर निस्काशन गर्दा कम्पनीले पूरा गर्नुपर्ने शर्तहरू पूरा भए नभएको विश्लेषण लगायतका कार्य नेपाल धितोपत्र बोर्ड समेतबाट हुने नै हुँदा कुनै पनि संङ्गठित संस्थाले निस्काशन गर्ने शेयरबाट नागरिकको लगानी जोखिम सिर्जना हुन सक्ने अवस्थामा यस मन्त्रालयले आफ्नो कानूनी जिम्मेवारी निर्वाह गर्दै पुँजी बजार तथा लगानी जोखिम सुरक्षण गरिने भनी विपक्षी अर्थ मन्त्रायलले लिखित जवाफमा प्रतिबद्धतासमेत जनाएको बिषयमा असहमति हुनु पर्ने देखिदैन।

२५. अब रिट निवेदन बमोजिमको आदेश जारी हनु पर्ने हो वा होइन भन्नेतर्फ विचार गर्दा, धितोपत्रको सार्वजनिक निष्काशनका लागि जारी हुने विवरण पत्र सम्बन्धी कामकारवाही तथा विवरणहरु कानूनी प्रश्नको विषय नभई तथ्यगत विषय रहने भएकोले रिट क्षेत्रबाट सो विषयमा प्रवेश गरी प्रमाण मुल्यांकन गरी अदालतले निरुपण गर्ने नभई सो विषयसँग सम्बन्धित कानूनी वैधताको हकमा मात्र निरुपण गर्न मिल्ने हुन्छ। प्रस्तुत निवेदन दाविको बिपक्षी रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले मिति २०८१।०३।२७ देखि निष्काशन तथा बिक्री गर्न लागिएको कार्य बोर्डको आदेशानुसार अर्को निर्णय नहुँदासम्मको लागि रोक्का राखिएको भनी सूचना प्रकाशित भई रिट दायर हुँदाको परिस्थितिमा परिबर्तन भई उक्त रिलायन्स मिल्सबाट सर्वसाधारणका लागि जारी हुने ६० प्रतिशत शेयरका लागि संशोधित विवरण पत्र प्रकाशित हुने कार्य बाँकी नै रहेको समेत

देखियो। यसरी प्रकाशित हुने विवरण पत्रका विषयमा धितोपत्र बजारको अनुगमन तथा नियमन गर्ने स्वायत्त निकाय विपक्षी नेपाल धितोपत्र बोर्ड रहेको अवस्थामा उक्त निकायबाट नै बाधा अड्काउ फुकाउने समेतको निर्णय गर्ने अधिकार निहित रहेको देखिन्छ। सो अवस्थामा प्रस्तुत रिट निवेदनमा उल्लेख गरिए जस्तो प्रत्यक्ष कानूनको त्रुटी (breach of law) वा कार्यविधिगत त्रुटी (breach of procedure) को विषय समावेश भएको नदेखिएको र रिट निवेदनमा उल्लेखित विषयबाट यि निवेदकहरुको हक अधिकारमा तत्काल गैरकानूनी तवरले आघात परेको भन्ने अवस्था समेत नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता रहेको देखिएन।

२६. तसर्थ, माथि उल्लेखित आधार कारणहरुबाट प्रस्तुत रिट निवेदनमा निवेदकले उठाएको विषयवस्तुको तथ्यभित्र प्रवेश गरी रिट क्षेत्रबाट निक्यौंल हुने प्रकृतिको देखिएन। अतः माग बमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

<u>तपसिल</u>

- उच्च सरकारी वकिलको कार्यालय मार्फत यो आदेशको प्रतिलिपी सम्बन्धित विपक्षीहरूलाई पठाई दिनु १
- सरोकारवालाले आदेशको नक्कल माग गरे लाग्ने दस्तूर लिई नक्कल दिनू २
- प्रस्तुत आदेशको विद्युतीय प्रति अपलोड गर्नु र दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ३

(डिल्लीरत्न श्रेष्ठ)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(कृष्णराम कोइराला)
न्यायाधीश

<u>फैसला तयार गर्न सहयोग गर्ने</u>

इजलास अधिकृतः- मोनिका चौधरी
कम्प्यूटर अपरेटरः-बिन्दु आचार्य घिमिरे
इति सम्वत् २०८१ साल कार्तिक महिना २१ गते रोज ४ शुभम्.....................................।
प्रमाणीकरण मितिः अदालतको छाप